सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✵ अंक : ३३२ ✵ २०७९ साल, भाद्र १६ गते बुधबार, ✵ Thursday 01 Sept, 2022 मूल्य रू. ५/- ✵ पृष्ठ : ४

## हामी भाषणमा होईन जनतालाई अनुभुती हुने काम गर्छौ : भुमी ब्यवस्था सहकारी मन्त्री शशि श्रेष्ठ




मुकेश कुमार मेहता ——
सिम्रौनगढ, १५ भदौ ।

भुमी ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री शशि श्रेष्ठले हामी भाषण र घोषणा पत्रको लेखाईमा होईन जनतालाई अनुभुति हुने काम गर्छौ बताउनु भएको छ। बाराको सिम्रौनगढ स्थित मालपोत कार्यालयको बुधवार उदघाटन गर्दै मन्त्री श्रेष्ठले सात बर्ष अगाडि २०७२ सालमा मन्त्री परिषद बाट निर्णय भएको मालपोत सिम्रौनगढ विभिन्न किसिमका बाधा अर्चनका कारण सुचारु हुन सकेको थिएन । सरकार अझै पनि सिहदरबार मै केन्द्रित रहेको छ भने स्थितिको अन्त गर्न घर आंगनमा नै सेवा बिस्तार हुन लागेको उहाले बताउनु भयो। नेपाली जनताको अथक प्रयास र संघर्षले प्राप्त गरेको संबिधान निर्माण र त्यसको रक्षार्थ हामिले अठोट लिइ नागरिकको सम्पुर्ण हक अधिकार ब्यवहारमा लागु गराउन प्रतिबद्ध हुनु प्रने वहाँले बताईन ।

भुमी ब्यवस्थापन प्रत्यक्ष रुपमा नागरिक तथा मन्त्रालय संग जोडिएको छ। सुशासनको अनुभुती नागरिकले पाएको अवस्था छैन ,त्यसकारण सेवा दिने कर्मचारीलाई काम गरेबापत केही रकम दिएर भ्रष्टाचार गर्ने प्रश्य नगर्न आम नागरिकले सचेत हुनुपर्नेमा जोड दिनु भएको थियो । सेवा दिने संग सेवा लिने नागरिकको नरसैगिक अधिकार रहेको छ , यो चिन्तन र मानसिकता लाई परिवर्तन गर्न टेबुल मुनिको ब्यवहार नगरिदिन मन्त्री श्रेष्ठले बताईन। हामी क्षणिक शुखको लागि अरुको पालो मिचेर कार्यालय काम गराउछौ , कर्मचारीलाई गलत कामको प्रश्य दिन्छौ, यसको अन्तको लागि नागरिक सचेत हुनुपर्ने बताईन। उक्त कार्यक्रममा बोल्दै भुमी ब्यवस्था मन्त्रालयको महानिर्देशक पिताम्बर घिमिरेले मन्त्रालयले ३ सय पालिकामा रहेको भुमिहिनको लागि पहिलो चरणमा ५ लाख लालपुर्जा बितरण गर्ने लक्ष्य रहेको जानकारी दिनु भयो । देश भरिमा १ सय ३५ वटा मालपोत कार्यालय बाट भुमी ब्यवस्थापन सम्बन्धि काम भैइरहेको जानकारी दिनु भयो। मन्त्रालयले छिट्टै कार्यालय तथा शाखाहरु बाट आई एम एस प्रबिधि बाट जग्गा ,नक्सा ,रजिष्ट्रेशन लगायतको अभिलेख राख्ने जानकारी दिनु भयो। सोही अवसरमा सिम्रौनगढ नगरपालिकाको नगर प्रमुख किशोरी प्रसाद साहले मालपोत कार्यालयको काम सूचारु हुन बितिकै सिम्रौनगढको नागरिकले अब जग्गा जमिनको

(बाँकी अन्तिम पेजमा)

## बारा प्रहरीद्वारा भट्टी पसलमा छापा, १ हजार लिटर अवैध घरेलु मदिरा नष्ट



वीरगञ्ज, १५ भदौ ।

जिल्ला प्रहरी कार्यालय बाराले १ हजार लिटर अवैध घरेलु मदिरा नष्ट गरेको छ। बाराको आदर्श कोतवाल गाउँपालिका वडा नम्बर ६ पटेर्वा निवासी सञ्जिव जैसवालले सञ्चालन गरेको मदिरा भट्टी पसल पनि प्रहरीले नष्ट गरेको हो । विशेष सूचनाको आधारमा गएको प्रहरीले भट्टीबाट १ हजार लिटर तयारी मदिरा र ६ हजार लिटर कच्चा पदार्थ नष्ट गरेको हो । स्थानीय जनप्रतिनिधि लगायतको रोहबरमा छापा मारेर रक्सी उत्पादनमा प्रयोग गरिने भाँडा तथा ७ बोरा सक्खर समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।

## जबरजस्ती करणी अभियोगका फरार प्रतिवादी पक्राउ

वीरगञ्ज, १५ भदो ।

तीन वर्षदेखि फरार जबरजस्ती करणी अभियोगका फरार प्रतिवादीलाई वडा प्रहरी कार्यालय बिर्ताले पक्राउ गरेको छ। अदालतबाट सजाय तोकिएपछि फरार रहेका वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ का अनिल प्रसाद चौरसियालाई वडा प्रहरी कार्यालय बिर्ताले पक्राउ गरेको हो ।

जबरजस्ती करणी मुद्दामा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले चौरसियालाई ६ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकेको थियो। अदालतको फैसला कार्यान्वयनका लागि फरार व्यक्तिलाई पक्राउ गरी मंगलबार नै अदालतमा बुझाइएको र अदालतले कैद भुक्तानका लागि कारागार चलान गरेको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले जानकारी दिए ।

## सिमरामा 'मञ्जुदेवी अन्तरराष्ट्रिय भेट्रान कप फुटबल प्रतियोगिता' हुने

सिमरा, १५ भदौ ।

बाराको सिमरामा आगामी भदौ २९ देखि अन्तराष्ट्रिय भेट्रान कप फुटबल प्रतियोगिता हुने भएको छ । सिमरा भेट्रान क्लबको आयोजनामा सिमरा रंगशालामा प्रतियोगिता हुन लागेको हो । क्लबले बुधबार पत्रकार सम्मेलन गरी स्वर्गीय मञ्जुदेवी गुप्ताको स्मृतिमा आयोजना गर्न लागिएको प्रतियोगिता असोज १ गतेसम्म चल्ने जनाएको छ । प्रतियोगितामा १९ वटा टिमको सहभागिता रहने प्रतियोगिताका संयोजक हरि चौधरीले बताए। विजेताले १ लाख ५० हजार र उप विजेताले ७५ हजार रुपैयाँ पाउने संयोजक चौधरीले जानकारी गराए ।




प्रतियोगितामा विदेशी टिमको समेत सहभागिता रहने छ । नेपाल र भारतका विभिन्न भेट्रान कप फुटबल प्रतियोगितामा सहभागिता जनाउँदै आएको सिमराले दोस्रो पटक अन्तरराष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्न लागेको हो । यसअघि देशभरीका भेट्रान क्लबको सहभागितामा २०७४ सालमा प्रथम संस्करण आयोजना भएको थियो । देशभरीबाट सहभागी हुने क्लबबाट राष्ट्रिय टोलीका पूर्व खेलाडी समेतले खेल्ने भएकोले प्रतियोगिता रोमाञ्चक हुने अपेक्षा आयोजकको छ ।

जीतपुरसिमरा गोल्डकपले सिमरालाई राष्ट्रिय स्तरमा चिनाउन र फुटबलको विकास गर्न सहयोग गरिरहेको अवस्थामा भेट्रान प्रतियोगिताले अझै उचाइ थप्ने अध्यक्ष राजकपुर राउतले विश्वास व्यक्त गरे । अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्न मुख्य सहयोगी स्व. मञ्जुदेवीका छोरा श्यामबाबु गुप्ताले सिमरामा खेलकुद गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । निरन्तर फुटबलको गतिविधि हुनुको प्रतिफलका रुपमा विभिन्न उमेर समूहका राष्ट्रिय टिममा सिमरासहित बाराका खेलाडीले स्थान पाएको गुप्ताको भनाई

(बाँकी अन्तिम पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## 'जनताको साथमा नेपाली कांग्रेस' अभियान, अन्तर्गत बृहत कार्यक्रम सम्पन्न

बारा, १५ भदौ ।

'जनताको साथमा नेपाली कांग्रेस' अभियान अन्तर्गत बुधबार बारा अहिले देशैभर नेपाली कांग्रेसको माहोल सौहार्दपूर्ण रहेकाले घरघरमा पुगेर कांग्रेसलाई जिताउने अभियानमा लाग्न नगरपालिकाका मेयर उपेन्द्र यादवले मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रममा पार्टीका प्रदेश उपसभापति




जिल्लाको महागढीमाई नगरपालिकामा बृहत कार्यक्रम सम्पन्न भएको छ । जिल्ला कार्यसमिति बाराद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य रमेश रिजालले आउँदो मंसिर ४ गते हुने निर्वाचनमा आफ्ना उम्मेद्वारलाई विजयी बनाउने गरी होमिन कार्यकर्तालाई निर्देशन दिएका छन् । रिजालले आग्रह गरेका हुन् । संघ र प्रदेशको निर्वाचनको मिति नजिकिँदै जाँदा नेपाली कांग्रेसले 'जनताको साथमा नेपाली कांग्रेस' अभियान नै चलाउँदै जनताको घरघरमा पुग्ने प्रयास गरिरहेको छ ।

कार्यक्रमका बीच केन्द्रीय सदस्य रिजाललाई महानगढीमाई चन्द्रशेखर यादब, जिल्ला उपसभापति मनोज भट्ट, सचिव राजेश रौनियार, पूर्व सभापति भोला चौरसिया, पूर्व जिविस सभापति राजेन्द्र यादव, जय नारायण यादव लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण भैयाराम यादबले गरेका थिए । (साभार–यात्राडेली)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश DAILY दैनिक
त्यवत्यलवी

Thursday 01 Sep. 2022

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# बुद्ध, वर्ण व्यवस्था र वर्ग संघर्ष

**मेखराज उदय**

सन् १८७९ मा जर्मनीमा जन्मिएका विश्व प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका थिए– 'भविष्यको धर्म कस्मिक (ब्रह्माण्डीय) हुनेछ, जहाँ न ईश्वरको स्वरूप मान्छेको जस्तो हुनेछ, न कट्टरपना । त्यसका लागि बुद्ध धर्म सबैभन्दा उत्तम हुनेछ ।' आइन्स्टाइन सैद्धान्तिक भौतिकवादी थिए र उनलाई सापेक्षता र द्रव्यमान–ऊर्जा समीकरण खोजका लागि सन् १९२१ को नोबेल पुरस्कार प्रदान गरिएको थियो । बुद्ध, कार्ल मार्क्स र अम्बेडकर व्यापक बहस हुँदै आएका पात्र हुन् । विशेषतः भारत हुँदै नेपाल प्रवेश गरेका, त्यति मात्रै होइन, दक्षिणएशिया र ब्राह्मण (हिन्दु) धर्मावलम्बी भएका देशहरूमा फैलिएको महामारी जात (वर्ण) व्यवस्था र वर्ग संघर्ष सम्बन्धमा बहस र विवाद व्यापक फैलिंदो क्रममा छ ।

ब्राह्मणहरू जहाँ–जहाँ पुगे, ब्राह्मण धर्म, संस्कृति, वैदिक मान्यता, वर्ण व्यवस्थामा आधारित कानुन र धार्मिक राजनीति त्यहाँ–त्यहाँ लागू गरे । वर्ण व्यवस्था दक्षिणएशियाका कुनै मूलवासी समुदायको मौलिक धार्मिक–सामाजिक मान्यता र राजनीतिक व्यवस्था थिएन, होइन । त्यसैले बहसमा छन्ह बुद्ध, मार्क्स र डा. भीमराव अम्बेडकर अर्थात् वर्ण व्यवस्था र वर्ग संघर्ष । 'जात व्यवस्था अन्त्य गर्नका निम्ति बुद्ध र अम्बेडकर पर्याप्त छैनन्, त्यसका निम्ति मार्क्स अनिवार्य छन्,' यो मान्यता भारतीय कम्युनिस्ट, वाम पार्टी हुँदै नेपाल प्रवेश गरेको हो । अर्थात् ब्राह्मणवादले नेपाल प्रवेशमा प्रयोग गरेको बाटो हुँदै यो मान्यता पनि नेपाल पस्यो । कार्ल मार्क्स ६ वर्षको हुँदा अर्थात् सन् १८२४ मा उनको परिवारले यहुदी धर्म परिवर्तन गरी इसाई धर्ममा प्रवेश गरेको थियो । उनका पिता हाइनरिख मार्क्सले उनीसहित इसाई धर्ममा प्रवेश गरी बालक कार्ल मार्क्सको शिक्षाको ग्यारेण्टी गरेका थिए ।

मार्क्सका बाजे लेवी मार्क्स जर्मनीको एक गाउँ ट्रिलका रब्बी अर्थात् पुरोहित थिए । यहुदी धार्मिक कट्टर समुदाय भएकाले बालबालिकालाई शिक्षा दिन वर्जित गरिएको थियो । यहुदीहरू विश्वभरि धर्म परिवर्तन गर्दै इसाई बन्ने क्रम जारी रहेको त्यस समयमा मार्क्स परिवार पनि इसाई बने, जसका कारण उनले औपचारिक शिक्षा प्राप्त गर्ने मौका मिल्यो । तथापि भारत–नेपालका टुप्पी राख्ने, जनै धारण गर्ने बाहुन–क्षत्री हिन्दु, इस्लामदेखि टाउकोमा फेटा बाँध्ने शिख कथित मार्क्सवादीहरू भने अम्बेडकरले धर्म परिवर्तनको नीति लिएको भन्दै निन्दा र आलोचना गर्ने गर्छन् । यो केवल मिथ्या आरोप मात्रै हो । उनीहरूका आदर्श मार्क्सले नै धर्म परिवर्तन गरेको तथ्यप्रति भने आँखा चिम्लिन्छन् । अम्बेडकरमाथि जुन आरोप लगाइन्छ, ती हास्यास्पद र कुतर्क मात्रै हुन् ।

**अम्बेडकर र मार्क्स अर्थात् वर्ण व्यवस्था र वर्ग संघर्ष**

विभिन्न अनुसन्धानकर्ता तथा विद्वान्हरूको खोजको निष्कर्ष एवं मान्यता बमोजिम बुद्धको समयमा वर्ण व्यवस्था थियो, शूद्र थिए तर छुवाछूत थिएन । शूद्र विशाल वर्ण (समुदाय) हो । यहाँ स्मरणीय कुरा के छ भने सबै शूद्रलाई अछूत बनाइएन, शूद्र जातिमध्ये केहीलाई मात्रै अछूत बनाएको थियो । अर्थात् सबै शूद्र जाति अछूत होइनन्, तर अछूत सबै शूद्र हुन् । अम्बेडकरका अनुसार ई. ४०० को हाराहारीतिर मात्रै शूद्रभित्रका केही समुदायलाई अछूत जाति घोषित गरिएको हो । कार्ल मार्क्सलाई धेरै कुराको जानकारी थियो तर दुइटा कुरा ज्ञात थिएन । जसमध्ये पहिलो– वर्ण व्यवस्था, छुवाछूत, विभेदबारे मार्क्सलाई ज्ञान थिएन । दोस्रो– ब्राह्मणवादबारे पनि उनलाई जानकारी थिएन । त्यसैले यी दुई विषयमा मार्क्स आजीवन मौन बसे । सन् १७८९ देखि १७९९ नोभेम्बरसम्म साढे १० वर्ष चलाइएको फ्रान्सेली राज्यक्रान्तिले फ्रान्समा परम्परागत राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताको स्थापना गरेको थियो । उक्त राज्यक्रान्तिले मुख्यतः तीन आधार तयार पार्‍यो, जसमा भ्रातृत्व, स्वतन्त्रता र समता थिए । तर क्रान्तिपश्चात् अन्तिमको समता स्थापित गर्न सकेन ।

त्यस्तै १९१७ मा जारको स्वेच्छाचारी शासनका विरुद्ध लेनिनको नेतृत्वमा भएको रूसी कम्युनिस्ट क्रान्तिले समता स्थापित गर्न सफल रहे तापनि अन्य दुई मुद्दा स्थापित गर्न अक्षम रह्यो । त्यसैले आर्थिक समता स्थापित गर्दैमा भ्रातृत्व र स्वतन्त्रता प्राप्त हुनसक्दैन । अतः निष्कर्षमा कम्युनिस्ट अर्थात् मार्क्सवादी क्रान्तिले समता प्राप्त गर्न सकिएला तर तिनै मुद्दा भ्रातृत्व, स्वतन्त्रता र समता प्रदान गर्न सक्दैन । जाति व्यवस्थामा आधारित छुवाछूत, जातीय विभेद जस्ता समस्याको समाधान समाजवादी समाज या राज्य निर्माण गरेर गर्न सकिंदैन । यो घाम जत्तिकै प्रष्ट विषय हो । समाधानका निम्ति बुद्ध–अम्बेडकरको मार्गमा नहिंडेर सुखै छैन ।

**अम्बेडकर र मार्क्सबीच भिन्नता मात्रै छैन, धेरै समानता समेत छन् ।** विवाद अम्बेडकर र मार्क्सवादी लालबुझक्कडहरूसँग मात्रै हो, स्वयं मार्क्ससँग होइन । अम्बेडकरले जातीय संघर्षलाई मूलतः वर्ग संघर्ष मानेका छन् । उनले जातिका लागि वर्ग शब्दको प्रयोग धेरै पटक गरेका छन् । त्यसैले अम्बेडकरवादी दलित या मूलवासी समुदायलाई 'वर्ग–समुदाय'को रूपमा व्याख्या गर्नु उपयुक्त हुन्छ । त्यस्तै क्रान्तिमा हिंसा र बल प्रयोगको सिद्धान्तलाई पनि अम्बेडकर अनिवार्य मान्दछन् । उनी भन्छन्, 'हिंसा र बल प्रयोग एक अकाट्य सत्य हो कि तपाईं हिंसादेखि बचेर रहन सक्नुहुन्न । अहिंसात्मक सत्याग्रह जस्ता बाटो तब अपनाउन सकिन्छ जब परिस्थिति यस्तो होस् कि सिर्फ त्यो मात्रै प्रतिरोधको उत्तम मार्ग बाँकी रहोस् ।' बल प्रयोगको सम्बन्धमा अम्बेडकरको भनाइ छ, 'बल प्रयोगलाई तपाईं न सधैंका लागि रोक्न सक्नुहुन्छ, न समाप्त नै गर्न सक्नुहुन्छ, त्यसैले बुद्धले पनि आफ्नो समकालीन कोही राजालाई सेना समाप्त गर्ने या अपराधीलाई दण्डित गर्ने व्यवस्थाको पूर्णतया भंग गर्नका लागि कहिल्यै भनेनन् ।'

**गान्धी, अछूत र अम्बेडकर**

भारतीय सर्वोच्च अदालतले २४ मार्च २०१७ मा एक विशेष फैसला मार्फत हरिजन शब्द प्रयोग गर्न प्रतिबन्ध लगाएको छ । सर्वोच्चले हरिजन शब्दलाई आपराधिक घोषणा समेत गरेको छ र अब सरकारी कामकाजमा यो शब्द प्रयोग गरिएमा त्यसका विरुद्ध मुद्दा दायर गर्न सकिनेछ । अदालतको त्यस आदेश बमोजिम केन्द्र तथा प्रदेश सरकारले हरिजन शब्द प्रयोगमा बन्देज लगाइसकेको छ । हरिजन शब्द प्रथम पटक प्रयोग गर्ने व्यक्ति गान्धी थिए । भारतको संविधान बमोजिमका अनुसूचित जातिलाई उनले यो शब्द प्रयोग गर्ने गर्थे । दलित शब्द समेत भारतमा वर्जित छ ।

गान्धी २१ पटक अनशन बसे । तर उनले छुवाछूत अन्त्यका निम्ति कुनै अनशन बसेनन् । अम्बेडकरद्वारा १९४५ मा लिखित एक पुस्तकमा लेखिए अनुसार नासिकस्थित कालाराम मन्दिरमा अछूतले प्रवेश पाउनुपर्ने माग राखेर अम्बेडकरको नेतृत्वमा सत्याग्रह राखियो, तब गान्धीले त्यस कार्यको कडा शब्दमा

(बाँकी तेश्रो पेजमा)

# संकटमा मानवीय सेवा

NRCS

**सपूतबहादुर कार्की**

रेडक्रस कानुन नहुन्जेलसम्म वर्तमान कार्यकारिणी र व्यवस्थापनको भूमिकालाई स्पष्ट पार्नुपर्ने हुन्छ । नेपालमा विश्व रेडक्रसको उत्पत्ति भएको ठीक एक सय वर्षपछि २०२० भदौ १९ गते नेपाल रेडक्रस सोसाइटीको स्थापना गरिएको थियो । तत्कालीन स्वास्थ्यमन्त्री डा. नागेश्वरप्रसाद सिंह र डा. जयनारायण गिरीको पहलमा सोसाइटीको स्थापना भयो ।

मानवीय सेवामा उल्लेखनीय सेवा पुर्‍याउन थालेको रेडक्रस आजको मितिमा हेर्दा करिब ६ दशक पार गर्न लागिसक्यो । करिब १० लाख सदस्य र स्वयंसेवक रहेको रेडक्रसको स्थापना मूलतः प्रकोप पीडितलाई सहयोग गर्ने मूल उद्देश्यका साथ स्थापना भएता पनि रक्तसञ्चार, एम्बुलेन्स, ट्रेसिङ सेवा, शरणार्थी व्यवस्थापन, सामुदायिक विकास, खानेपानी र जुनियर युवालगायत दर्जनौं गतिविधिले समुदायमा रेडक्रसले राम्रो पहिचान बनाएको छ । रेडक्रस आफ्नै सात सिद्धान्तबाट चल्ने मानवीय संस्था हो । समर्पित रेडक्रसकर्मीको अथक प्रयास र लगनशीलताले ६ दशकमै यो पाको संस्थाको रूपमा स्थापित भएको छ ।

सोसाइटीको निश्चित उद्देश्य तथा कार्यप्राप्तिका लागि सोसाइटीको दूरदृष्टि र दूरगामी लक्ष्यहरू स्पष्ट छन् भने विशेष गरेर संकटाविमुख क्षेत्रमा कार्य गर्दै मानव सेवामा निरन्तर अगाडि बढिरहेको यो संस्था केही समयदेखि संकटाविमुख हुन पुगेको छ । कुनै समय विश्व रेडक्रसको मानचित्रमा परिचित र दक्षिण एसियामै अब्बल कार्यले नाम कमाएको संस्था आज चारैतिरको घेराबन्दीले निस्सासिन पुगेको छ । दर्जनौं मुद्दामामला र प्रशासनिक झमेलाबाट यो संस्थाले चाँडै पार पाउने छाँटकाँट पनि देखिँदैन । अदालती मुद्दामामिला र आपसी द्वन्द्वका कारण संस्था लामो समयसम्म उल्झनमा जाने खतरा छ । अर्कोतर्फ संस्थाको साख पनि दिनानुदिन घट्दै गइरहे छ ।

मानवीय सेवामा कार्यरत यस संस्थाको समुदायमा समेत नकारात्मक असर पर्न थालेको छ । दातृ निकायहरूले पनि विभिन्न बहानामा संस्थासँगको साझेदारी घटाउँदै लगेका छन् । अब सबैले आआफ्नो क्षेत्रबाट रेडक्रसको पुरानो साख जोगाउन र हिजोकै दिनमा रेडक्रसलाई पुर्‍याउन कार्ययोजना बनाएर लैजानुपर्ने जरुरी देखिन्छ । तपसिल कार्य गर्न सके रेडक्रसको छवि पुरानै अवस्थामा फर्काउन सक्नेछौं । संस्थामा विद्यमान उल्झनको निकासका लागि सहजीकरण गर्ने वातावरण तयार गर्न सरकार र फेडेरेसनको सहयोग लिनुपर्छ । संस्थाको कानुनी आधार तयार पार्न रेडक्रस कानुन ल्याउन सरकारसमक्ष अनुरोधका साथै दबाब सिर्जना गर्नुपर्छ ।

रेडक्रस कानून नहुन्जेलसम्म वर्तमान कार्यकारिणी र व्यवस्थापनको भूमिकालाई स्पष्ट पार्नुपर्ने हुन्छ । केन्द्र, प्रदेश र जिल्ला शाखाहरूको प्रशासनिक व्यवस्थापन एवं दक्षतामा अभिवृद्धि गराउनु पर्छ । अदालती मुद्दामामिला र प्रशासनिक झमेलाबाट जुन गलत अभ्यासको सुरुआत भएको छ, त्यसलाई सबैतर्फबाट सोचेर निकासतर्फ लैजान अग्रसर हुनुपर्छ । रेडक्रस परोपकारी संस्था भएकाले मानवीय सेवा कार्यका लागि सरकारबाट लिने कर छुटका लागि पहल गर्नुपर्छ । नेपाल रेडक्रस नेपालमा तत्कालीन मजिस्ट्रेट कार्यालय (हालको जिल्ला प्रशासन कार्यालय) मा एक नम्बरमा दर्ता भई पछि सामाजिक संघसंस्था ऐन २०३४ अन्तर्गत दर्ता भएता पनि जेनेभा महासन्धिका आधारमा स्थापित भएकाले अरू एनजीओसरह व्यवहार गर्नु हुँदैन भनेर सरकार र सम्बन्धित निकायहरूमा पहल गर्नुपर्छ । केन्द्र, प्रदेश र स्थानीय सरकारसँगको साझेदारीमा थप पहुँच आवश्यक छ ।

प्रस्तुत बुँदाहरू सामान्य सुझावमात्र हुन् । यसबाहेक पनि संस्थालाई आजको अवस्थाबाट निकास दिन थप अध्ययन र अनुसन्धान जरुरी छ । अब सबैले इमान्दारीका साथ सोच्ने बेला आएको छ । लामो इतिहास बोकेको र विशुद्ध मानवीय सेवामा केन्द्रित भई कार्य गर्ने संस्थामा आज पनि लाखौं रेडक्रसकर्मी र शुभेच्छुकको आस्था र विश्वास जोडिएकै छ । यो आस्था र विश्वासलाई जोगाउन समुदायले फेरि पनि सेवा पाउन आआफ्नो क्षेत्रबाट पहल र त्यागको आवश्यकता छ । समय छँदै यसबारे सोचेनौं, आपसी द्वन्द्व र खिचातानीमा लागिरह्यौं भने कुनै पनि दिन संस्था दुर्घटनामा पर्न सक्छ । यदि संस्था दुर्घटनामा गयो भने लाखौं रेडक्रसकर्मी, स्वयंसेवक र समुदायको मन नरोला भन्न सकिँदैन ।

साँच्चिकै दुर्घटना भयो भने भावी रेडक्रसकर्मी भन्नेहरूले माफ गर्लान् ? इतिहास के भनेर लेखिएला ? एकले अर्कोलाई दोष दिएर मात्रै उम्कने ठाउँ हुँदैन, छुट पनि छैन । तसर्थ मानवहित र परोपकारी संस्थाको हितमा हुनेगरी अबका बाटा तय हुन् । अन्यथा लाखौं मानिस मानवीय सेवाबाट वञ्चित हुन बाध्य हुनेछन् । यसको दोषी रेडक्रसकर्मी विशेषतः नेतृत्व तहमा बस्नेहरू नै हुनेछन् । सबैमा चेतना भया । (साभार–अन्नपूर्णपोष्ट)

# लक्ष्यअनुसार बिजुली उत्पादनमा पीपीए नगर्ने सरकारी नीति नै बाधक

## आरओआर आयोजनाको पीपीए खुलाउने ऊर्जा मन्त्रालयको तयारी

काठमाण्डौ, १५ भदौ ।
**निकेश खत्री / रातोपाटी**

आगामी १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने सरकारी लक्ष्य प्राप्त नहुने भएको छ । ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयको एक प्रतिवेदनले नै सरकारको लक्ष्य अनुसार विद्युत उत्पादन नहुने निष्कर्ष निकालेको हो । मन्त्रालयका सह–सचिव नेतृत्वको समितिले तयार पारेको प्रतिवेदनले लक्ष्यअनुसारको बिजुली उत्पादन असम्भव रहेको देखाएको छ । मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौत संयोजक रहको समितिले सरकारी लक्ष्य अनुसार विद्युत उत्पादन नुहने निष्कर्ष सहितको प्रतिवेदन मन्त्री पम्फा भुसाललाई बुझाएको छ । सरकारले २०७५ सालमा ऊर्जा दशक घोषणा गर्दै २०८५ सालसम्ममा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य लिएको थियो । सरकारले २०७५ देखि २०८५ सम्मको १० वर्षे अवधिमा नेपालको कुल बिजुली उत्पादनको जडित क्षमता १५ हजार मेगावाट पुर्‍याउने लक्ष्य लिएको थियो । मन्त्रालयका सहसचिव चटौत नेतृत्वको समितिले सरकारको उक्त लक्ष्य भेट्टाउन मुस्किल रहेको देखाएको हो । ऊर्जा मन्त्रालयले गत महिना साउनको १७ गते अध्ययन समिति गठन गरेको थियो । उक्त समितिले साउन महिनाकै २० गते प्रतिवेदन तयार पारेर ऊर्जा मन्त्री भुसाललाई उपलब्ध गराएको थियो ।




जलाशययुक्त आयोजनाहरूको निर्माण सुरू नभइसकेका कारणले नेपालले लिएको ऊर्जा उत्पादनको लक्ष्य नभेटिने सहसचिव चटौतले बताए ।

'जलाशययुक्त ठूला आयोजनाको काम अघि बढेको छैन, अहिलेकै मितिमा ती आयोजनाको काम अघि बढेपनि २०८५ सालसम्म निर्माण सम्पन्न हुँदैन,' सहसचिव चटौतले रातोपाटीसँग भने । सोही कारण २०८५ सम्ममा १५ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य नभेटिने उनको भनाई छ । आयोजना निर्माणको लाइसेन्स पाएर पनि पीपीए नभएका नदी प्रवाहमा आधारित (आरओआर) आयोजनाको काम समेत लामो समयदेखि रोकिइरहेको छ । जसले गर्दा तोकिएको समयमा लक्ष्यअनुसारको बिजुली उत्पादन हुन नसक्ने देखिएको छ । रोकिएका आरोआर आयोजनाको काम अघि नबढेमा २०८५ सालसम्ममा विद्युतको माग बढ्ने तर उत्पादन नबढ्ने हुँदा ऊर्जा संकटको सम्भावना देखिन्छ । सोहीकारण, आरओआर आयोजनाको पीपीए खुलाएर तत्काल निर्माणमा जानुपर्ने गरी आफू नेतृत्वको समितिले प्रतिवेदन तयार पारेको चटौतले जानकारी दिए । प्रतिवेदन अनुसार हाल नेपालमा विद्युतको कुल जडित क्षमता २१ सय ९० मेगावाट छ । यसैगरी, २०८५ सालसम्म थप ४ हजार ७ सय ४२ मेगावाट बिजुली मात्रै राष्ट्रिय प्रसारण लाइनमा जोडिने प्रक्षेपण गरिएको छ । प्रतिवेदन अनुसार चालु आर्थिक वर्षमा ८ सय ८ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिन्छ । प्रतिवेदनका अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ मा ९ सय मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । यस्तै, २०८१/८२ मा ७ सय ४२ मेगावाट, २०८२/८३ मा ८ सय २२ मेगावाट, २०८३/८४ मा ७ सय ३२ मेगावाट र २०८४/८५ मा ७ सय ३८ मेगावाट बिजुली उत्पादन भइ राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । यसअनुसार हालसम्म उत्पादित बिजुली २१ सय ९० मेगावाट र २०८५ सालसम्म उत्पादन हुने बिजुली ४ हजार ७ सय ४२ मेगावाट बिजुली जोड्दा ऊर्जा दशकको अवधिमा जम्मा ६ हजार ९ सय ३२ मेगावाट बिजुली उत्पादन हुनेछ । यो, २०७५ सालमा लिइएको ऊर्जा दशकको लक्ष्यको तुलनामा ४६ प्रतिशत मात्रै हो । प्रतिवेदन अनुसार यो २०८५ सालसम्म लिइएको उत्पादन लक्ष्यभन्दा ८ हजार ६८ मेगावाट कम हो ।

**लक्ष्य नभेटिनुमा सरकारी नीति नै बाधक**

चटौत नेतृत्वको अध्ययन समितिले १५ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य नभेटिनुमा सरकारकै नीति बाधक रहेको देखाएको छ । सरकारले लिएका दुई वटा नीतिका कारण लक्ष्यअनुसारको बिजुली उत्पादन सम्भव नभएको देखाउँदै प्रतिवेदनले त्यसलाई सच्याउनुपर्ने उल्लेख गरेको छ । खासगरी, लामो समय नदी प्रवाहमा आधारित (आरओआर) आयोजनाहरूको विद्युत खरिद सम्झौता रोकिनु नै लक्ष्यअनुसारको उत्पादन हुन नसक्नुको मूख्य कारण उल्लेख गरिएको छ । 'ऊर्जा जलस्रोत तथा सिञ्चाई मन्त्रालयले जारी गरेको स्वेतपत्र, २०७५ ले लिएको २०८५ सम्म १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य भेट्टाउन सम्भव छैन,' प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश DAILY दैनिक



# सम्पत्ति शुद्धीकरणमा नेपालमाथि कालोसूचीको जोखिम

काठमाण्डौ, १५ भदौ ।

स्रोत नखुलेको सम्पत्तिलाई कानूनी दायरामा ल्याउने र त्यस्ता घटना निगरानी गर्ने निकाय कमजोर हुँदा नेपाल सम्पत्ति शुद्धीकरणमा कालोसूचीमा पर्ने जोखिम बढेको छ । सम्पत्ति शुद्धीकरणको मामिलामा विश्वभरका मुलुकलाई निगरानी राख्ने वित्तीय कारवाही कार्यदल अर्थात फाइनान्सियल एक्सट टास्क फोर्स (एफएटीएफ) र विषय हेर्ने गर्छ। त्यस क्रममा चित्तबुझ्दो जवाफ र मागेका कागजात उपलब्ध गराउन नसके देश कालोसूचीमा पर्नसक्छ । यस्तो अनुसन्धानमा विगतमा नेपालको कमजोर अवस्था देखिएको थियो । सम्पत्ति शुद्धीकरण नियमनसम्बन्धी कमजोर कानुन र भएका कानुनको पनि कमजोर पालनाका कारण नेपाल कालोसूचीको जोखिममा रहेको सरोकारवालाले स्वीकार गरेका छन् । लागूऔषध ओसारपसार, संगठित अपराध, आपराधिक लाभ, हातहतियारसम्बन्धी अपराध, आन्तरिक आतंकवाद, ठगी, नक्कली मुद्राको कारोबार, वातावरण सम्बन्धी अपराध, चोरी, तस्करी मध्यम खालको जोखिममा देखिएको थियो । नक्कली वस्तुको उत्पादन, पाइरेसी, शरीर बन्धक तथा अपहरण, अन्तर्राष्ट्रिय आतंकवाद, चोरी भएका वस्तुको




यसको क्षेत्रीय संस्था एसिया प्रशान्त समूह (एपीजी) ले सम्पत्ति शुद्धीकरणको मामिलाबारे नेपालको अडिट र मूल्यांकन गर्न थालेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका विज्ञ तथा नेपाल राष्ट्र बैंकका नायब निर्देशक डा. हरिप्रसाद नेपालका अनुसार एपीजीले नेपालमाथिको मूल्यांकन गत असारदेखि नै सुरु गरेको छ। मूल्यांकनको यो चक्र पूरा हुन १८ महिना लाग्छ। सोही क्रममा एपीजीको टोली नेपालको स्थलगत अनुगमनमा २६ असोजबाट २९ असोजसम्म काठमाडौंमा आउने भएको उनले बताए । त्यस अगाडि एपीजीले मागेका कागजात र प्रतिवेदनहरु पठाउने र त्यहाँबाट थप प्रश्नहरु आउने क्रम रहेको विभागका विज्ञ डा. नेपाल बताउँछन् । पहिलो चरणको स्थलगत भ्रमणापछि एपीजीले कात्तिकमा नेपाललाई प्रतिवेदनको एक मस्यौदा दिनेछ । त्यसपछि अन्तिम चरणको मूल्यांकन गर्न अर्को टोली नेपाल आउने छ । यस्तो टोली आउने समय १९ मंसिरबाट १ पुसको समय तोकिएको छ । त्यसपछि विभिन्न चरणमा मूल्यांकनको काम हुने विभागले जनाएको छ। नेपालले अन्तिम रिपोर्ट भने २०८० वैशाखमा प्राप्त गर्नेछ ।

एफएटीएफले सम्पत्ति शुद्धीकरणमा ४० वटा भन्दा बढी मानक बनाएको छ । मूल्यांकनका क्रममा ती मानकको परिपालना भएको वा नभएको बुधबार प्रतिनिधिसभाको अर्थ समितिमा आयोजित छलफलमा कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले सम्पत्ति शुद्धीकरणसम्बन्धी सोचाइमा परिवर्तन ल्याउन नसक्दा नेपाल जोखिममा रहेको बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिव धनराज ज्ञवालीले सम्पत्ति शुद्धीकरणको नियमनको पाटोमा नेपाल कमजोर रहेको बताए । समितिमा बोल्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सम्पत्ति शुद्धीकरणका गतिविधिले मुलुकबाहिर समेत देशको छवि धुमिल हुन जान्छ। नेपाल सन् २००९ देखि सन् २०१४ सम्म कालोसूचीमा परेको थियो । त्यसबेला अमेरिकामा नेपालको बैंक खाता रोक्का भएको पनि उनले स्मरण गरे । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसार सन् २००५ मा कुल ४९ वटा क्षेत्रमा गरिएको मूल्यांकनमा पूर्ण कार्यान्वयन भएको क्षेत्र एउटा पनि थिएन। सोही कारण नेपाल सन् २००९ बाट कालोसूचीमा परेको थियो । सन् २०१० मा भएको मूल्यांकनमा मात्र एउटा क्षेत्रमा मात्र नेपालले पूर्ण कार्यान्वयन गरेको देखिएको थियो ।

## राष्ट्रिय मूल्यांकनमै कमजोर

सम्पत्ति शुद्धीकरणबारे नेपालले सन् २०२० मा राष्ट्रिय मूल्यांकन गरेको थियो । जसमा भ्रष्टाचार, कर (राजस्व छली), वित्तीय अपराध (बैंकिङ) र हुण्डी कारोबार उच्च देखिएको थियो । ओसारपसार र भित्रि कारोबारमा भने नेपालको न्यून अवस्था देखिएको थियो । नेपालमा सम्पत्ति शुद्धीकरणमा बढी जोखिम बैंक, बीमा, सहकारी, हुण्डी, क्यासिनो, घरजग्गा कारोबारसहितमा बढी निगरानीको आवश्यकता राष्ट्रिय मूल्यांकनबाट देखिएको थियो ।

## नेपालको तयारी के छ ?

सम्पत्ति शुद्धीकरण विभागका अनुसार यस मूल्यांकनको प्रयोजनका लागि भएका कानून र त्यसको परिपालनाबारे अन्तर्राष्ट्रिय नियामक निकायलाई जानकारी गराउने काम जारी छ । जसमा ५७ वटा सरकारी निकाय र निजी क्षेत्रका प्रतिनिधिसँग समन्वय र ३० भन्दा बढी क्षमता अभिवृद्धिका कार्यक्रम सम्पन्न भइसकेका छन्। यसमा स्वयं एपीजीले समेत नेपाललाई सहयोग गरिरहेको छ । विभागले प्राविधिक परिपालना र प्रभावकारिताको मूल्यांकन सम्बन्धी प्रतिवेदन समेत एपीजीलाई बुझाइसकेको छ ।

नेपाली अधिकारीहरुका अनुसार प्राविधिक परिपालनामा कानुनी प्रबन्धका विषय पर्छन्। नेपालले सम्पत्ति शुद्धिकरणसम्बन्धी कानुन बनाएकाले यसमा नेपाल उतीर्ण हुन सक्ने अवस्था छ । तर प्रभावकारिताको मूल्यांकन अर्थात् कानुन कार्यान्वयनमा भने नेपाल कमजोर छ । यसबीचमा नेपालले ४ सय भन्दा बढी कानुनका कागजात बुझाउने काम गरिसकेको छ । विभागका अनुसार अन्तर्राष्ट्रिय रुपमा छिटोछिटो परिवर्तन हुने कानून नेपालमा त्यही गतिमा संशोधन हुन सकेको छैन। वित्तीय अपराधको सूचना संकलन, विश्लेषण, प्रवाह र अनुसन्धानमा नेपालको प्रगति कमजोर छ ।

सम्पत्ति शुद्धीकरण निवारण प्रणालीप्रतिको फरक सोच र अफवाहले समेत नेपाललाई कालोसूचीमा पर्ने जोखिम बढाएको विभागले जनाएको छ । कानून र प्रणालीमा सुधार नगरे नेपाल अन्तर्राष्ट्रिय अनुगमनमा पर्नेछ। जसलाई कालोसूची परेको भनिन्छ । नेपालमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी १५० भन्दा बढी कानुन र कानुनी व्यवस्थाहरु छन्। प्रत्यक्ष रूपमा ९ वटा नीतिगत र समन्वयकारी निकायले सम्पत्ति शुद्धीकरण निवारणमा काम गर्छन् । ८५ हजार वटा रिपोर्टिङको दायित्व बोकेका संस्थाहरु छन् । तर, सम्पत्ति शुद्धीकरण निवारणको मूल्यांकनमा नेपालको अवस्था कमजोर देखिंदै आएको छ ।

## हामी भाषणमा.............

कामकालागि २२ किलोमिटर कलैया दौडनु पर्ने दिनको अन्त भएको बताउनु भयो। कार्यालय स्थापना गर्नु आवश्यक छ तर घर प्याक सेवा संगै सिम्रौनगढ क्षेत्र संग जोडिएको आदर्श कोतवाल गाउँपालिका र पचरौता नगरपालिका लगायतको जनताको काम सेवा सुबिधा मात्र सिम्रौनगढ शाखा संग जोड्न आग्रह गर्नु भएको थियो । सिम्रौनगढ मालपोत संगै देवताल ,सुवर्ण र महागढीमाई गाउँपालिकालाई जोडन नहुने बताउनु भयो ।

भुमी ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचीव रामप्रसाद थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा संबिधान सभा सद्स्य डा.गोपाल ठाकुर, सभासद शिवचन्द्र कुशवाहा तपेवशर चौधरी जितपुरसिमरा नगर प्रमुख राजन पौडेल , पचरौता नगर प्रमुख जलान्धर सिंह ,देवताल गाउँपालिका प्रमुख उदयचन्द यादव, भुमि आयोग बाराको अध्यक्ष छबिलाल उप्रेती प्रहरी प्रमुख होबिन्द्र बोगटी लगायत स्थानीयबांसी संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

## सिमरामा................

थियो । नेपाली कांग्रेसका महासमिति सदस्यसमेत रहेका गुप्ताले फुटबल प्रतियोगितालाई आफ्नो आमाको नाममा आयोजना गर्न पाउँदा गौरव महशुस गरेको बताए । प्रतियोगितामा करिब १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको क्लबले जनाएको छ। सिमरा भेट्रानका अध्यक्ष राज कपुर राउतको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, क्लबका उपाध्यक्ष समीर आले लगायतको उपस्थिति रहेको थियो । (साभार–थाहाखबर)

# आयातमा गरिएको प्रतिबन्ध खुकुलो बनाउँदै सरकार



काठमाण्डौ, १५ भदौ ।

सरकारले आयातमा लगाएको प्रतिबन्ध केही खुकुलो बनाएको छ । भदौ १३ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै सरकारले आयात प्रतिबन्ध गरिएका केही वस्तु आयात गर्न पाउने गरी व्यवस्था गरेको हो । सरकारले कुरमुरे, कुरकुरे, लेज यस्तै उत्पादनहरु, चुरोट तथा सुर्तीजन्य वस्तु, हिरा र ३२ इन्चभन्दा माथिका रंगिन टेलिभिजनमा लगाएको प्रतिवन्ध हटाएको छ। तर, सबै प्रकारका तयारी मदिरा (औद्योगिक कच्चा पदार्थ बाहेक), ३ सय अमेरिकी डलरभन्दा बढी मूल्यका स्मार्ट फोनहरु, जीप, कार र भ्यानहरु (एम्बुलेन्स र शवबाहन बाहेक) र १५० सीसीभन्दा माथिका मोटरसाइकलको आयातमा भने प्रतिवन्ध कायमै राखेको छ । सरकारले गत असार ३१ गते राजपत्रमा सुचना प्रकाशित गरी साउन १ गते देखि कुरमुरे, कुरकुरे, लेज तथा यस्तै उत्पादनहरु, चुरोट तथा सुर्तीजन्य वस्तु (औद्योगिक कच्चा पदार्थ बाहेक), हिरा (औद्योगिक कच्चा पदार्थ बाहेक) र ३२ इन्चभन्दा माथिका रंगिन टेलिभिजनमा पनि प्रतिवन्ध लगाएको थियो। यी वस्तुमाथिको प्रतिवन्ध हटाए पनि सरकारले बाँकी वस्तुमाथिको प्रतिबन्ध कायमै राखेको छ ।

नेपालमा आउनेभन्दा बाहिरिने विदेशी मुद्रा बढी भएर शोधनान्तर घाटा अनियन्त्रित रुपमा बढ्दै गएपछि सरकारले ती वस्तुको आयातमा प्रतिवन्ध लगाएको थियो। विलाशिताका र दैनिक आवश्यकता बाहेकका वस्तुको आयातमा लगाएको प्रतिवन्धले विदेशी मुद्राको संचिति केही बढेपछि सरकारले आयातमाथिको प्रतिवन्ध विस्तारै खुकुलो बनाउन लागेको हो। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७८/७९ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.८ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी मुद्राको संचितिमा सुधार केही सुधार देखिएपछि सरकारले आयात माथिको प्रतिवन्ध विस्तारै खुकुलो बनाउँदै लगेको हो ।

यस्तै, आयातमा लगाएको प्रतिवन्धप्रति नेपालका विकास साझेदारले पनि प्रश्न गर्न थालेका थिए । नेपालले आयातमा लगाएको प्रतिवन्ध खोल्नुपर्ने शर्त राख्दै अन्तराष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले नेपाललाई दिने भनिएको एक्टेण्डेड क्रेडिट ˆ यासिलिटी (ईसीएफ) अन्तरगतको दोस्रो किस्ता रोकेको छ। दोस्रो किस्तामा आईएमएफले नेपाललाई ३९.२ मिलियन एसडीआर दिने भनेको थियो । (साभार–रातोपाटी)

## बुद्ध, वर्ण..............

निन्दा गरे ।

गान्धीको मान्यता थियो, अछूतले मन्दिर प्रवेशको माग गर्नु धर्म विनासक कार्य हो, त्यति मात्रै होइन सत्याग्रह (अनशन) बस्नु शास्त्र बमोजिम शूद्रको कुनै अधिकार होइन । यी दुवै धर्म विरोधी कार्य हुन् । स्मरणीय छ, अम्बेडकर हिन्दु धर्मभित्र रहेर वर्ण व्यवस्था, छुवाछूत, विभेद अन्त्य गर्न चाहन्थे, अन्त्यमा असम्भव देखेपछि बुद्ध धर्ममा प्रवेश गरे। अम्बेडकरका अनुसार अन्तरजातीय विवाह र बुद्धधर्मको मार्ग जातिवाद उन्मूलनको हो । मनुस्मृतिमा समेत एक ठाउँमा शूद्रले ७ पुस्तासम्म ब्राह्मणसँग विवाह गरेमा ब्राह्मण बन्ने बताइएको छ, यद्यपि त्यसको बाटो या विधिबारे मौनता छ ।

हाम्रो मूल समस्या ब्राह्मणवाद हो, नकि दलित । ब्राह्मणवादका दुई आधार छन्, पहिलो– वर्ण व्यवस्था (पछि त्यसलाई जाति व्यवस्था भयो) र दोस्रो– पितृसत्ता । पितृसत्ता अनुसार बाल विवाह, सती प्रथा र विवाहमा अभिभावकको नियन्त्रण (प्राधिकार) व्यवस्था पर्छन् ।

ब्राह्मणहरूले बाल विवाह अर्थात् महिनावारी हुनुभन्दा अगावै छोरीलाई विवाह गरिदिने व्यवस्था जाति व्यवस्था टिकाइराख्नका लागि बनाएका थिए । किनभने छोरी–चेलीलाई उमेर पुगेर विवाह गर्ने अधिकार दिने हो भने, उनको अर्को जातिमा विवाह हुनसक्ने खतरा देखेर धर्मको दुहाई दिंदै बालिका हुँदै विवाह गरिदिने व्यवस्था गरे। अन्य वर्ण (जाति) मा विवाह भयो भने वर्ण (जाति) व्यवस्थाको नाश हुन्छ ।

त्यस्तै सती प्रथा पनि जाति व्यवस्था टिकाउनका लागि रचिएको क्रूर प्रथा हो । विधवालाई कपाल मुण्डन गर्ने, नयाँ कपडा लगाउन नदिने, सार्वजनिक स्थानमा हिंडडुल गर्नबाट वञ्चित राख्ने, जसरी हुन्छ कुरूप बनाउने जसका कारण उनीसँग कोही पुरुष आकर्षित नहोऊन् र दोस्रो विवाहका लागि सम्भव नहोस्। विधवालाई दोस्रो विवाह निम्ति अनुमति नदिने ।

किनभने विधवाको अन्य जातिको युवासँग प्रेम र विवाह हुने खतरा देखे। यदि त्यस्तो भएमा जाति व्यवस्था संकटमा पर्ने हुन्थ्यो । जति बन्धनमा बाँधेर, कुरूप बनाइए पनि विधवाको विवाह हुने खतरा टार्न नसकेर ज्युँदै रहेपछि धर्मको आडमा विधवालाई मृत पति सँगै जिउँदै डढ्नुपर्ने अनिवार्य नियम बनाइयो । अर्थात् सती प्रथाको व्यवस्था लागू गरियो, त्यो केवल जाति व्यवस्था कायम राख्नका लागि नै थियो । त्यस्तै बालिग, वयस्क छोरा या छोरीले आफ्नो जीवन साथी आफैं रोज्न पाउनुपर्ने प्राकृतिक अधिकार हो। तर त्यसलाई नियन्त्रणमा लिन सन्तानको विवाह गर्ने अधिकार र दायित्व उनका पिता, अभिभावकलाई दिइयो । अभिभावकले आफ्नै जातिमा बाहेक अन्य जातिमा विवाह गराइदिने सम्भावना हुँदैन, यसका कारण जाति व्यवस्था जीवित रहन सम्भव रहिरह्यो।

भारतमा जस्तै नेपालका केही कथित मार्क्सवादी कम्युनिस्टहरू समाजवादी समाज र व्यवस्था लागू गरी जाति व्यवस्थाको समाधान गर्ने गफ हाँक्ने गर्दछन् । समाजवाद राजनीतिक र आर्थिक दुवै विवादित व्यवस्था हो। तथापि समाजवादी समाज, राज्य निर्माण गर्दा आर्थिक समताको लक्ष्य पूरा गर्न सकिने आशा गर्न सकिएला ।

तर जाति व्यवस्थामा आधारित छुवाछूत, जातीय विभेद जस्ता समस्याको समाधान समाजवादी समाज या राज्य निर्माण गरेर गर्न सकिंदैन। यो घाम जत्तिकै प्रष्ट विषय हो । समाधानका निम्ति बुद्ध–अम्बेडकरको मार्गमा नहिंडेर सुखै छैन। मार्क्स जीवितै हुँदा पनि अहिलेका जस्तै लालबुझक्कडहरूबाट वाक्क भएर मार्क्स आफैंले कुनै प्रसङ्गमा भनेका थिए, ‘थ्याक्स गड आई एम नट ए मार्क्सिसस्ट ” (साभार–अनलाइनखबर)

## लक्ष्यअनुसार.............

प्रतिवेदन अनुसार १५ हजार मेगावाट बिजुली उत्पादन लक्ष्य हासिल गर्न हालसम्म गरिएका पीपीएका आधारमा सम्भव देखिँदैन । यसबाट नेपाल विद्युत प्राधिकरणले नदी प्रवाहमा आधारित र जलाशययुक्त र अर्धजलाशययुक्त दुवै आयोजनाको पीपीए निरन्तरता दिनुपर्ने छ । ४ वर्षको समयसम्म नदी प्रवाहमा आधारित आयोजनाको पीपीए रोक्दा लक्ष्यअनुसारको बिजुली उत्पादन सम्भव नभएपनि त्यसको आसपास समेत पुग्न नसकेको प्रतिवेदनले औंल्याएको छ । यसैगरी, भावि दिनमा नदी प्रवाहमा आधारित आयोजनाको पीपीए रोक्न नहुने समेत प्रतिवेदनमा उल्लेख छ । सरकारले गर्ने पीपीएमा आयोजनाहरूले २०८५ सम्ममा मात्रै ‘टेक अर पे’ नीति लिएको छ । त्यसपछि सरकारले टेक एण्ड पे नीति अवलम्बन गर्ने भनिएको छ। अर्थात २०८५ सालपछि आयोजनाहरूको बिजुली किनेपछि मात्रै उत्पादकले उत्पादित बिजुलीको भुक्तानी पाउँछन् । जुन, २०८५ सालसम्म आयोजनाहरूबाट उत्पादित बिजुली किने पनि नकिने पनि प्राधिकरणले भुक्तानी दिनैपर्छ । यो व्यवस्थालाई ५ वर्ष थप गरेर २०९० सालसम्म ‘टेक अर पे’मा आधारित पीपीए गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

आरओआरमा आधारित आयोजनाको पीपीए खुल्दै

सरकारले विगत ४ वर्षदेखि रोकिएको आरओआरमा आधारित आयोजनाको पीपीए खुलाउने निर्णय गरिसकेको छ । यही वर्षको असार १६ मा बसेको मन्त्रिपरिषद् बैठकले ४ वर्षदेखि रोकिएको आरओआरमा आधारित आयोजनाको पीपीए खुलाउने निर्णय गरेको हो । सरकारले जलाशयुक्त आयोजनालाई छुट्याइएको कोटाको १० प्रतिशत पीपीए आरओआर आयोजनालाई दिने निर्णय गरेको हो। यसअनुसार, आयोजना बनाउन लाइसेन्स पाएर पनि पीपीए नभएका १५ सय मेगावाट क्षमताका आयोजनाको काम अघि बढ्ने देखिएको छ । जबकि, उत्पादनको लाइसेन्स लिएर करिब ५ हजार क्षमताका आयोजना पीपीएको पखाईमा छन्। सरकारले २०७५ सालमा ऊर्जा दशक घोषणा गर्दै २०८५ सालसम्म १५ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्य लिएको थियो। उक्त लक्ष्यअनुसार कुल उत्पादित बिजुलीमा जलाशययुक्त आयोजनालाई ३०–३५, अर्धजलाशययुक्त आयोजनालाई २५–३०, आरओआर आयोजनालाई ३०–३५ प्रतिशत र वैकल्पिक ऊर्जाका स्रोतलाई ५–१० प्रतिशत पीपीए कोटा छुट्याएको थियो । यो कोटाअनुसार आरओआर आयोजनाको उत्पादन कोटा पुरा हुँदा सरकारले विगत ३ वर्षदेखि आरओआर आयोजनाको पीपीए खुलाएको थिएन। जसले ऊर्जा दशक अन्तर्गत लिइएको १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादनको लक्ष्यलाई नै प्रभावित पारेको अध्ययन समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ । (साभार–रातोपाटी)

## धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारीसहित

# १३ जनामाथि भ्रष्टाचार मुद्दा दायर

जनकपुर, १५ भदौ ।

धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारीसहित १३ जनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ । तत्कालीन प्रमुख जिल्ला अधिकारी एवं मुआब्जा निर्धारण समितिका अध्यक्ष वसन्तराज गौतम, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, सहायक प्रशासक, वरिष्ठ लेखा सहायकसहित १३ जनामाथि सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

बुधबार उनीहरुले भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले सजाय मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो । गौतमले गुठी संस्थानकै खातामा भुक्तानी हुनुपर्ने १ करोड १४ लाख ६६ हजार ६ सय ६७ रुपैयाँ प्रचलित कानूनी व्यवस्था विपरीतका मोही कायम हुनै नसक्ने व्यक्तिहरुलाई मोही कायम गराई बदनियतसाथ मुआब्जा भुक्तानी गराएको अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिए ।

तत्कालीन प्रजिअ गौतमलाई १ करोड १४ लाख ६६ हजार ६ सय ६७ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३९१० बमोजिम जरिवाना गरी ऐनको दफा ३९१० (झ) बमोजिम कैद सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपरहुनसमेत मागदाबी लिइएको छ ।

त्यस्तै, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, तत्कालीन सहायक प्रशासक मनोज कुमार शर्मा भनिने मनोज कुमार आचार्य र तत्कालीन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालले गुठी संस्थानकै खातामा भुक्तानी हुनुपर्ने १ करोड १४ लाख ६६ हजार ६ सय ६७ रुपैयाँ प्रचलित कानूनी व्यवस्था विपरीत र मोही कायम हुनै नसक्ने व्यक्तिहरु गायत्री देवी जयसवाल र सूर्यनारायण लाल कर्णलाई मोही कायम गरी बदनियतसाथ मुआब्जा भुक्तानी गरेको प्रवक्ता पाण्डेले जानकारी दिए ।

उता, मुआब्जा रकम बुझ्ने गायत्रीदेवी जयसवाल र उनका छोरा शत्रुधन जयसवालले वास्तविकतालाई लुकाई छिपाई प्रचलित कानुनी प्रक्रिया विपरीत सिर्जित भएका मोहीयानी हक प्रमाणपत्रका आधारमा मुआब्जा दाबी गरी गैरकानूनी रुपमा भुक्तानी लिई गुठी संस्थानलाई ८९ लाख ८३ हजार ३ सय ३४ रुपैयाँ हानिनोक्सानी गराएको अख्तियारको ठहर छ ।

उनीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार ऐनको दफा ३९१० बमोजिम जरिवाना गरी दफा ३९१ (९) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन प्रमुख राजबाबु पाण्डे, मनोज कुमार आचार्य एवं हरिचन्द्र भुसाल र निजहरुसँग मिलेमतो गरी मुआब्जा भुक्तानी लिने गायत्रीदेवीबीच विचौलियाको भूमिका निर्वाह गरी प्रतिवादी सुमनकान्त ठाकुरले गुठी संस्थानलाई ८९ लाख ८३ हजार ३ सय ३४ रुपैयाँ हानिनोक्सानी गराई गुठीका कर्मचारीहरुसँग मिलेमतो गरी मतियारको हैसियतले कसुर गरेको पुष्टि हुन आएकोले ठाकुरलाई पनि सोही रकम बराबरको बिगो कायम गरी मुद्दा दायर गरिएको हो ।

प्रतिवादीहरु उपेन्द्रलाल कर्ण कायस्थ तथा मनोजलाल कर्णले प्रचलित कानुनी प्रक्रिया विपरीत सिर्जित भएका र कुनैपनि सरकारी कागजातले आफूहरु हकवाला नाता पुष्टि नहुने बनावटी मोहीयानी हकका प्रमाणपत्र पेश गरी सोको आधारमा सूर्यनारायण लालकर्णलाई मुआब्जा दावी गर्न लगाई मुआब्जा बुझ्न मञ्जुरीनामा दिएर गैरकानुनी रुपमा गुठी संस्थानलाई २४ लाख ८३ हजार ३ सय ३३ रुपैयाँ हानिनोक्सानी गराएकोले उनीहरुसँग पनि बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको हो ।

गायत्रीदेवी जयसवालले गैरकानुनी रुपमा भुक्तानी लिएको मुआब्जा रकम गुठी संस्थानको नाममा फिर्ता गरीपाउँ भनी उच्च अदालत जनकपुरमा दायर भएको मुद्दामा जिल्ला अदालत धनुषाका तत्कालीन तामेल्दार डि. हविव साह, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय सहयोगी कामेश्वर राय र लेखापढी व्यवसाय गर्ने प्रमोद कुमार कर्णाको मिलेमतोमा अदालतबाट जारी भएको म्याद सूचना गलत किसिमले गलत ठेगानामा तामेल गरी सो म्याद सूचना गुठी संस्थान तथा जिल्ला प्रशासन कार्यालयका अधिकार प्राप्त अधिकारी समक्ष पुग्न नदिने उद्देश्यले अदालती कारबाहीका सरकारी कागजातहरु लुकाई छिपाई नष्ट गरेरकोले उनीहरुको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिएको प्रवक्ता भण्डारीले जानकारी दिए ।

लेखापढी व्यवसायी भनिएका प्रमोद कुमार कर्णले अदालतबाट प्राप्त म्याद सूचना लगायतका सरकारी कागजात म्याद सूचनामा नाम उल्लेख भएको निकायलाई तामेली गर्नुपर्नेमा त्यसो नगरी सो कागजात लुकाएको भन्दै उनीमाथि पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ मा उल्लेख भए बमोजिमको सजाय मागदाबी गरिएको हो । (साभार–थाहाखबर)

# भारतमा लगी बालिका बेच्न खोज्ने तीन जना पक्राउ

जनकपुरधाम, १५ भदौ ।

धनुषा प्रहरीले २ बालिकालाई र महोत्तरीको मटिहानी नगरपालिका–२ विल्टाहा टोलकी २० वर्षीया रानी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए । दुवै बालिकालाई डेराबाट ललाईफकाई



बेचबिखनका लागि भारत लैजान खोज्ने ३ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका–७ बस्ने २६ वर्षीय रूपेशकुमार मिश्र, वडा नम्बर–२३ लादोवेलाका २३ वर्षीय दिल महमद साह भन्ने मुस्कान मण्डल रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ। जनकपुरधाम–जयनगर रेलबाट बुधबार उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव इनर्वा रेलवे स्टेसन हुँदै भारतको दिल्लीतर्फ बेचबिखन गर्न लगिरहेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय खजुरीको प्रहरी टोलीले दुवै बालिकाको उद्धार गरेको र लैजान खोज्ने तीनै जनालाई पक्राउ गरेको डिएसपी क्षेत्रीले बताए। (साभार–थाहाखबर)

# भ्रष्टाचारको रकमबाट आर्जित सम्पत्तिलाई आर्थिक अपराध मान्ने गरी कानुन बन्दै

काठमाण्डौ, १५ भदौ ।

भ्रष्टाचार गरेको रकम लगानी गरेर त्यसबाट आर्जित सम्पत्तिलाई समेत आर्थिक अपराध मान्ने गरी कानुन बन्ने भएको छ। सरकारले केही नेपाल ऐनलाई संशोधन गर्ने प्रस्ताव मन्त्रिपरिषद्‌मा लैजाने तयारी भएको र यसमा सो प्रावधानलाई समेत समेटिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव धनराज ज्ञवालीले जानकारी दिए । बुधबार प्रतिनिधिसभा, अर्थ समितिको बैठकमा बोल्दै सचिव ज्ञवालीले यस्तो जानकारी गराएका हुन्। उनका अनुसार




अब भ्रष्टाचार वा आर्थिक अनियमितताको अनुसन्धान गर्ने निकायले सम्पत्ति शुद्धीकरणको विषयसमेत सँगसँगै अनुसन्धान गर्न सक्नेछ । जसका आधारमा भ्रष्टाचारबाट आर्जित सम्पत्तिले थप सम्पत्ति आर्जित गरेको भए, त्यसलाई समेत आर्थिक अपराध मान्ने छ। सम्पत्ति शुद्धीकरण विभागले लामो समयदेखि यस्तो कानुनको माग गर्दै आएको थियो। ( साभार–अनलाइनखबर)





## प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा